आज मिति २०८१ साल बैशाख २७ गते विहिबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना ~~सिलुन्खे~~ रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री [illegible] प्र. बाल्ताकोटी | | |
| २४ | कार्यपालक अध्यक्ष | मण्डनदेउपुर न.पा. | टेकबहादुर तमाङ | | |
| २५ | | | | | |

**२०८१।०१।२७ गतेको नगर कार्यपालिकाको ३८औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)**

१.प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा

२.मिति २०८०/१२/२६ गतेको कार्यपालिकाको ३७औं बैठकको निर्णय समिक्षा सम्बन्धमा

३.प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा

४.मेलम्ची इन्द्रावती ह्युम पाइप अनुमती सम्बन्धमा।

५.मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि. अनुमती सम्बन्धमा।

६.मनमती मन्दिर निर्माण भुक्तानी सम्बन्धमा।

७.देउपुर प्रहरी चौकी सिपाघाटको मर्मत सम्भार सम्बन्धमा।

८.एकल महिलाहरुको लागि तालिम सम्बन्धमा।

९.कृषि वकास शाखाका कार्यक्रम सम्बन्धमाः

  १. संघीय सशर्त अनुदान कृषि तथा पशुपंक्षी बजारीकरणका लागि कृषि एम्बुलेन्स सम्बन्धमा

  २. संघीय सशर्त अनुदान साना सिंचाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा

  ३. संघीय सशर्त अनुदान शित भण्डार निर्माण कार्यक्रम सम्बन्धमा

  ४. आ.व. [illegible]०७९/८० मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रमको निरन्तरता

  ५. प्लास्टीक पोखरी निर्माण कार्यक्रमका लागि प्लास्टीक खरिद तथा वितरण कार्यक्रम सम्बन्धमा

१०. पशु सेवा विकास शाखाका कार्यक्रम सम्बन्धमा

  १. आ.व. २०७९/८०मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा

  २. पशुपालन प्रवर्द्धन कार्यक्रम सम्बन्धमा

११. नगरकोट नयाँगाउ कुन्ता भित्री सडक मर्मत संम्भारको निम्ति शुल्क तोक्ने सम्बन्धमा ।

१२. विविध सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं.१**

मण्डनदेउपुर नगरपालिकाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाज खटिई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद बास्कोटा ज्यूको स्वागत गरियो।

**निर्णय नं.२**

नगर कार्यपालिकाको मिति २०८०/१२/२६ गतेको ३७ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.३**

मिति २०८०/११/०८ मा भएको उद्योग अनुगमन समिति द्वारा पेश भएको प्रतिवेदन अनुमोदन गर्दै मण्डनदेउपुर नगरपालिका वडा नं. ०६ सिपाघाटमा संचालित मेलम्ची इन्द्रावती ह्युम पाइप उद्योगलांई नगरपालिकामा सूचिकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४

श्री मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि. सिपाघाट ६ मण्डनदेउपुरले मिति २०८०/१०/१७ गते पेश गरेको निवेदन तथा श्रीमान् नगर प्रमुख ज्यूको मिति २०८१/०१/०९ गतेको प्राविधिक शाखासंगको राय बमोजिम मण्डनदेउपुर नगरपालिकामा सुचिकृत भई संचालनमा रहेको श्री मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि.लाई उद्योग संचालन प्रयोजनका लागि २ वटा मेसिन प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं.५

मनमती मन्दिर निर्माण उपभोक्ता समिति संग मिति २०८०/८/१४ मा सम्झौता भई निर्माण सम्पन्न भएको मनमती मन्दिर निर्माणको रकम रु १२,००,०००/- अक्षेरपी रु बाह्र लाख भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

मण्डनदेउपुर नगरपालिकाको वडा नं. ६ स्थित देउपुर प्रहरी चौकीमा सिपाघाटको मर्मत संम्भारका लागि प् स्थलगत अनुगमन गरि लागत अनुमान तयार गर्ने र सोही लागत अनुमान बमोजिम उक्त प्रहरी चौकीको मर्मत संभारका लागि चालु आ.व २०८०/८१ को खर्च हुन नसकेको शिर्षक रकमानान्तर गरि बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं.७

मण्डनदेउपुर नगरपालिकाका मानव अधिकारका लागि एकल महिलाहरुको आर्थिक सामाजिक तथा शैक्षिक जिवनयापनलाई सहज बनाउन मण्डनदेउपुर नगरपालिकामा भएका एकल महिलाहरुको लागि सिप विकास तालिम संचालन गर्न का लागि चालु आ.व २०८०/८१ को खर्च हुन नसकेको शिर्षक रकमानान्तर गरि रु २,००,०००/- बजेट व्यवस्थापन गर्ने उक्त तालिम काभ्रे जिल्ला समितिबाट संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

**कृषि विकास शाखाबाट संचालित तपसिल बमोजिमका कार्यक्रम संचालनका सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।**

१. मण्डनदेउपुर नगरपालिकाका लागि खरिद गर्न लागिएको कृषि एम्बुलेन्सको खरिदमा तिर्नुपर्ने भन्सार राजश्व छुटका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

२. संघीय ससर्त अनुदान कार्यक्रम अन्तरगतको साना सिचाई कार्यक्रम मण्डनदेउपुर नगरपालिका वडा नं. ३ चाँपखोलामा रहेको घट्ट सुधार तथा वलदेउ खेत सिंचाई कार्यक्रममा संचालन गर्ने निर्णय गरियो ।

३. संघीय ससर्त अनुदानबाट सित भण्डार निर्माणका लागि प्राप्त रकम रु १५ लाखबाट मण्डनदेउपुर नगरपालिका वडा नं. २ स्थित नगरकोट तरकारी संकलन केन्द्र निर्माण गरेको हुदाँ सोही स्थान भित्र निर्माण गर्ने निर्णय गरियो।

४. आ.व. २०७९/८० मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था बमोजिम निरन्तरता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. मण्डनदेउपुर नगरपालिकाको मण्डनक्षेत्रमा उपयुक्त स्थान छनौट गरि प्राविधिक लागत अनुमान तयार गरी नगरपालिकाको डोजर प्रयोग गरि पोखरी निर्माण गर्ने र उक्त स्थानमा नगरपालिकाले प्लाष्टिक खरिद गरि उक्त पोखरीहरुमा प्लाष्टिक व्यवस्थापन गर्ने ।

**निर्णय नं. ९**

**पशु सेवा विकास शाखाको कार्यक्रम सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।**

१. आ. व. २०७९/८०मा स्थापना भएको बाखा पकेट विकास कार्यक्रमको निरन्तरता शिर्षकमा प्राप्त रकमबाट वडा नं १ र ९ को वडा तपसिल बमोजिम छनौट भएका तपसिल बमोजिमको कृषि समुह/सहकारी संगको रु ३,५०,०००/- बराबरको लागित साझेदारीमा बाखा पकेट कार्यक्रम संचालन गर्ने ।

<u>तपसिल</u>

- श्री संघर्षशिल महिला पशुपालन कृषि सहकारी संस्था, मण्डनदेउपुर न.पा.-९ रु ३,५०,०००/-
- श्री गिधरि कृषि सहकारी संस्था लि. मण्डनदेउपुर न.पा.-१ रु ३,५०,०००/-

२. पशुपालन प्रर्द्धन कार्यक्रम अन्तरगत प्राप्त रकम रु १० लाख बाट मण्डनदेउपुर नगरपालिकामा दर्ता/ सूचिकृत भई संचालनमा रहेका व्यवसायिक रुपमा कम्तीमा ५ वटा माउ गाई/ भैसी पाल्दै आएका कृषि फर्म तथा समुह संगको ५० प्रतिशत लागत साझेदारीमा खुल्ला रुपमा २१ दिने सूचना प्रकाशन गरि आवश्यकताका आधारमा गोठसुधार कार्यक्रम/योजना संचालन गर्ने ।

**निर्णय नं. १०**

नगरकोट नयाँगाउ कुन्ता भित्री सडकमा अत्याधिक मात्रमा हेभी मालवहाक गाडीहरुको चाप वढ्दै गएकोले नगरपालिका क्षेत्र बाहिर जाने तथा ठुला मालबाहक गाडीबाट ढुवानी गर्दा सडकले भार थाम्न नसक्ने र वेला वेलामा मर्मत समेत गरिरहनुपर्ने हुदाँ नगरकोट नयाँगाउ कुन्ता भित्री सडकमा आवत जावत गर्ने तपसिल बमोजिमका मालवाहक सवारीका साधनका लागि तपसिल बमोजिम सडक मर्मत

शुल्क तोकी अशुल गर्न तर नगरक्षेत्र भित्रका योजना, व्यक्तिले घर निर्माण गर्न प्रयोजनका लागि सामग्री ढुवानी गर्दा उल्लेखित मर्मत शुल्क असुल नगर्ने निर्णय गरियो ।

तपसिल

- टिपर प्रति टिप रु ३००० /-
- मिनि टिपर प्रति टिप रु २०००
- निशान गाडी प्रतिटिप रु १०००

निर्णय नं. ११ विविध

क. मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिका र शिक्षा शाखा विरुद्व सर्वोच्च अदालतमा परेको उत्प्रेषण रिट सम्बन्धमा लिखित जवाफ पेश गर्नका लागि यस मण्डनदेउपुर नगरपालिकामा कार्यरत कानुनी सहजकर्ता श्री परमात्माराम पराजुलीलाई अख्तियारी दिने निर्णय गरियो ।

ख. वडा नं. ०८ वस्ने श्री सुव्वा बहादुर राईको छोरा वर्ष ३५ को सुरेन्द्र राईको दुवै मृगौला फेल भई उपचारका लागि मिति २०८१/०१/२७ गते आर्थिक सहयोग माग गरेकोमा निजको स्वास्थ्य लाभको कामना गर्दै नगरपालिकाको तर्फबाट रु १,५०,०००/- अक्षेरपी रु एक लाख पचास हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग. मण्डनदेउपुर नगरपालिका वडा नं ७ र ९ को सिमानामा पर्ने सोते खोल्सामा शहरी फोहोर प्रशोधन तथा प्राङगारिक मल उत्पादन केन्द्र निर्माण गर्नका लागि संघीय विषेश अनुदान तथा बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी मन्त्रालयको लागत साझेदारी मार्फत फोहोरमैलम व्यवस्थापन शीर्षकमा प्राप्त रकम रु २,००,००,०००/- अक्षेरपी रु दुई करोड रकम मध्ये रु ५ लाखबाट उक्त स्थलको Initial Environmental Examination प्रारम्भिक वातावरणीय परिक्षण IEE गर्ने र बाँकी रकमबाट उक्त स्थानमा जाने सडक निर्माण, वाल निर्माण, जग्गा विकास लगायतका कार्यमा प्राविधिक लागत स्टमेट बमोजिम खर्च गर्ने गरि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

घ. मण्डनदेउपुर नगरपालिका क्षेत्रमा पर्ने ईन्द्रावती नदी, चाखोला आँसीखोला तथा ढाँडखोला थारखोलाको प्रारम्भिक वातावरणीय परिक्षण IEE एक वर्षका लागि म्याद थप गर्ने र ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।